गण्डकी प्रदेश सरकार
# सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
कास्की, पोखरा, नेपाल

फोन नं. ०६१-५३५०८४
५३५०५६, ५३५०९५

प.सं.: २०८१/०८२
चलानी नं.: १११

मिति: २०८१/०४/२२

श्री अस्पतालहरू (११ वटै),
श्री स्वास्थ्य कार्यालयहरू (११ वटै),
श्री आयुर्वेद औषधालय/स्वास्थ्य केन्द्रहरू (११ वटै),
गण्डकी प्रदेश।

विषय : वार्षिक स्वीकृत कार्यक्रमहरुको कार्य सञ्चालन मापदण्ड, २०८१ पठाइएको सम्बन्धमा ।

प्रस्तुत विषयमा यस मन्त्रालय [मा. मन्त्रीस्तर] को मिति २०८१/०४/२१ को निर्णयानुसार स्वीकृत आ.व. २०८१/०८२ मा तहाँ निकायहरुबाट सञ्चालन हुने प्रदेश समानीकरण तर्फको वार्षिक स्वीकृत कार्यक्रमहरुको कार्य सञ्चालन मापदण्ड, २०८१ यसैसाथ संलग्न राखी पठाइएको व्यहोरा अनुरोध छ। साथै, उक्त मापदण्ड बमोजिम कार्ययोजना बनाई कार्यक्रमहरू कार्यान्वयन गर्नु हुन र सो कार्ययोजना मन्त्रालयमा पठाउनुहुन समेत अनुरोध छ।

..................
(सुरज गुरौ)
जनस्वास्थ्य प्रशासक

बोधार्थः
श्री स्वास्थ्य निर्देशनालय, गण्डकी प्रदेश, पोखरा।

# आ.व. २०८१/८२ मा आयुर्वेद औषधालय / आयुर्वेद स्वास्थ्य केन्द्रहरूबाट सञ्चालन हुने स्वीकृत कार्यक्रमहरूको सञ्चालन मापदण्ड, २०८१

मिति २०८१/०४/२१ (मा.मन्त्रीस्तर) को निर्णयानुसार स्वीकृत

गण्डकी प्रदेश सरकार

सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय

पोखरा, कास्की, नेपाल

(१) कार्यक्रम सञ्चालन एवं कार्यान्वयन गर्नु पूर्व यस मापदण्डको अधिनमा रही कार्यक्रम सञ्चालन एवं कार्यान्वयन गर्नुपर्नेछ ।

(२) यस मापदण्डमा उल्लेख भएका कार्यक्रमहरु सञ्चालन एवं कार्यान्वयन गर्ने/गराउने प्रमुख जिम्मेवारी कार्यालय प्रमुखको रहनेछ भने समन्वयकारी भूमिका कार्यक्रमको जिम्मेवार व्यक्तिको रहनेछ ।

(३) कार्यक्रम सञ्चालन एवं कार्यान्वयन गर्न पूर्व तयारी स्वरुप कार्यक्रम सञ्चालन प्रकृया, सहभागी संख्या, श्रोत व्यक्ति, सहजकर्ता, कार्यक्रम सञ्चालन हुने मिति, समय र स्थान तथा अन्य विषयमा आवश्यक छलफल एवं परामर्श गरी कार्यक्रम सञ्चालन एवं कार्यान्वयन गर्नुपर्नेछ ।

(४) कार्यक्रम सञ्चालन गर्दा कार्यालय प्रमुख, लेखा प्रमुख र कार्यक्रमको जिम्मेवार प्राप्त कर्मचारीको समन्वयमा कार्यक्रम सञ्चालन एवं कार्यान्वयन गर्नुपर्नेछ ।

(५) प्रचलित आर्थिक ऐन नियम बमोजिम कार्यक्रममा रहेको बजेट बाँडफाँट गरी अख्तियार प्राप्त अधिकारीबाट स्वीकृत गराई खर्च गर्नुपर्नेछ ।

(६) चालु आ.व. २०८१/०८२ मा विनियोजन भएको बजेटको आर्थिक दायित्व आगामी आ.व. मा सर्ने एवं विनियोजित बजेट भन्दा थप आर्थिक दायित्व सृजित हुने गरी कार्यक्रम सञ्चालन गर्न पाइने छैन । यसरी कार्यक्रम सञ्चालन एवं कार्यान्वयन गरेको पाइएमा स्वयं थप आर्थिक दायित्व सृजना गर्ने अधिकारीबाट थप आर्थिक दायित्वको शोधभर्ना गर्नुपर्नेछ ।

(७) सम्पादित कार्यक्रमको आ.ले.प. र म.ले.प. गराउने दायित्व सम्बन्धित कार्यालय प्रमुख र लेखा प्रमुखको हुनेछ ।

(८) कार्यक्रमको वित्तीय र भौतिक प्रगति त्रैमासिक, अर्धवार्षिक र वार्षिक रुपमा तालुक निकायमा पठाउनु पर्नेछ साथै आवश्यकतानुसार कार्यक्रमहरुको अनुगमन, मूल्यांकन, सहजिकरण एवं अनुशिक्षण तालुक निकायबाट हुनेछ ।

(९) यस मापदण्डको कुनै विषय अस्पष्ट भएमा सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालयमा सम्पर्क गरी स्पष्ट हुनुपर्नेछ ।

(१०) यस मापदण्ड बमोजिम कार्यक्रम सञ्चालन गर्दा यस मापदण्डलाई पथ प्रदर्शकको रुपमा लिई स्वीकृत कार्यक्रमको बजेटको अधिनमा रही तपसिलमा उल्लेखित प्रचलित कानूनको अधिनमा रही कार्यक्रम सञ्चालन एवं कार्यान्वयन गर्नुपर्नेछ ।

## तपसिलः

- सार्वजनिक खरिद ऐन, २०६३
- सार्वजनिक खरिद नियमावली [संशोधन सहित], २०६४,
- भ्रमण खर्च नियमावली, २०६४
- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६
- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७
- प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८
- प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७९
- गण्डकी प्रदेश आर्थिक ऐन, २०८१
- गण्डकी प्रदेश विनियोजन ऐन, २०८१
- बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि [छैठौं संशोधन सहित], २०७७
- बजेट तर्जुमा तथा कार्यान्वयन सम्बन्धी निर्देशिका, २०८०
- प्रदेश खर्चको मापदण्ड, २०७९
- आर्थिक मामिला मन्त्रालय, गण्डकी प्रदेशबाट जारी आर्थिक वर्ष २०८१/०८२ को बजेट कार्यान्वयन सम्बन्धी मार्गदर्शन, २०८१
- सार्वजनिक खर्चलाई मितव्ययिता तथा प्रभावकारी बनाउने सम्वन्धी मापदण्ड, २०७८

कार्यक्रम सञ्चालन गर्दा अन्य प्रचलित कानून बमोजिम जारी भएका ऐन, नियमावली, कार्यविधि, गठन आदेश, मापदण्ड एवं निर्देशिकालाई आधार मानी गर्नु पर्नेछ साथै प्रचलित कानून [ऐन/नियमावली/कार्यविधि/मापदण्ड आदि] मा संशोधन वा जारी भएमा सो समेतलाई समावेश गरी कार्यक्रम सञ्चालन गर्नुपर्नेछ।

# आयुर्वेद कार्यालयहरु तर्फ विनियोजन भएको निकायगत वार्षिक स्वीकृत बजेट तथा कार्यक्रमः [रकम रु. हजारमा]

| क्र. सं | कार्यक्रम कोड | बार्षिक स्वीकृत कार्यक्रम | खर्च शीर्षक नं. | आयुर्वेद स्वास्थ्य केन्द्र, गोरखा | आयुर्वेद स्वास्थ्य केन्द्र, तनहुँ | आयुर्वेद स्वास्थ्य केन्द्र, नवलपुर | आयुर्वेद स्वास्थ्य केन्द्र, पर्वत | आयुर्वेद स्वास्थ्य केन्द्र, मनाङ | आयुर्वेद स्वास्थ्य केन्द्र, मुस्ताङ | आयुर्वेद स्वास्थ्य केन्द्र, म्याग्दी | आयुर्वेद स्वास्थ्य केन्द्र, लमजुङ | आयुर्वेद स्वास्थ्य केन्द्र, स्याङ्जा | गण्डकी आयुर्वेद औषधालय, कास्की | धौलागिरी आयुर्वेद औषधालय, बाग्लुङ |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | २.७.२२.१७७८ | स्थानीय तहहरूको डाटा भेरिफिकेशन एवं गुणस्तर सुधार, तथ्यांक विश्लेषण, बार्षिक समिक्षा | २२५२२ | १५० | १५० | १५० | १५० | १०० | १०० | १५० | १५० | १५० | १५० | १५० |
| २ | २.७.२२.१७७९ | औषधी एवं औषधीजन्य सामग्री ढुवानी | २२५२२ | ८० | ८० | ८० | ८० | ८० | ८० | ८० | ८० | ८० | ८० | ८० |
| ३ | २.७.२२.१७८० | राष्ट्रिय आरोग्य दिवस तथा धन्वन्तरी जयन्ति, राष्ट्रिय योग दिवस, अन्तराष्ट्रिय योग दिवस लगायतको दिवसहरु मनाउने कार्यक्रम | २२५२२ | ६० | ६० | ६० | ६० | ६० | ६० | ६० | ६० | ६० | ६० | ६० |
| ४ | २.७.२२.१७८१ | भान्सा सुधार आरोग्यको आधार अभियान र स्वस्थ जीवनशैली कार्यक्रम सञ्चालन | २२५२२ | ५०० | ५०० | ५०० | ५०० | ३०० | ३०० | ५०० | ५०० | ५०० | ५०० | ५०० |
| ५ | २.७.२२.१७८२ | पंचकर्म/ पुर्वकर्म कार्यक्रम [सामग्री खरिद, संचालन एवं व्यवस्थापन] | २२५२२ | १५० | १५० | १५० | १५० | १५० | १५० | १५० | १५० | १५० | २४० | २४० |
| ६ | २.७.२२.१७८३ | प्रयोगशाला संचालनका लागी आवश्यक पर्ने उपकरण, रिएजेन्ट र किट खरिद | २२५२२ | १५० | १५० | १५० | १५० | ५० | १०० | १५० | १५० | १५० | १५० | १५० |
| ७ | २.७.२२.१७८५ | नागरिक आरोग्य सेवा केन्द्र तथा औषधालयहरुका कर्मचारीहरुलाई क्षमता अभिवृद्धि कार्यक्रम | २२५२२ | १०० | १०० | १०० | १०० | ८० | ८० | १०० | १०० | १०० | १०० | १०० |
| ८ | २.७.२२.१७८६ | क्षारसुत्र व्यवस्थापन कार्यक्रम | २२५२२ | ५०० | ९०० | ५०० | ५०० | | ५०० | ५०० | ५०० | ५०० | ५०० | ५०० |
| ९ | २.७.२२.१७८७ | आयुर्वेद स्वास्थ्य संस्थाहरुमा MSS कार्यान्वयन कार्यक्रम | २२५२२ | ३०० | ३०० | ३०० | ३०० | ३०० | ३०० | ३०० | ३०० | ३०० | ३०० | ३०० |
| १० | २.७.२२.१७८९ | जडिबुटीबाट चूर्ण औषधि निर्माण (जडिबुटी खरिद) | २२५२२ | | | | | | | | | | ८०० | ८०० |

| क्र.सं | कार्यक्रम कोड | बार्षिक स्वीकृत कार्यक्रम | खर्च शीर्षक नं. | आयुर्वेद स्वास्थ्य केन्द्र, गोरखा | आयुर्वेद स्वास्थ्य केन्द्र, तनहुँ | आयुर्वेद स्वास्थ्य केन्द्र, नवलपुर | आयुर्वेद स्वास्थ्य केन्द्र, पर्वत | आयुर्वेद स्वास्थ्य केन्द्र, मनाङ | आयुर्वेद स्वास्थ्य केन्द्र, मुस्ताङ | आयुर्वेद स्वास्थ्य केन्द्र, म्याग्दी | आयुर्वेद स्वास्थ्य केन्द्र, लमजुङ | आयुर्वेद स्वास्थ्य केन्द्र, स्याङ्जा | गण्डकी आयुर्वेद औषधालय, कास्की | धौलागिरी आयुर्वेद औषधालय, बाग्लुङ |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ११ | २.७.२२.१७९० | स:शुल्क फार्मेसी संचालन (Seed Money) | २२५२२ | | ८०० | | | | | | | | ८०० | ८०० |
| १२ | २.७.२२.१७९१ | औषधालयमा IPD [In-patient Department] सेवा सुचारु गर्नको लागि Consultant Ayurved Specialist [नवौं तह]-१, Ayurved Doctor [आठौं तह]-१, Kabiraj [पाचौं तह]-१, Staff Nurse [पाचौं तह]-४, Acupancture Assistant [पाचौं तह]-१, Avyanga Karta [श्रेणीविहिन]-२ जनशक्ति व्यवस्थापन | २२५२२ | | | | | | | | | | ५००० | ५००० |
| १३ | २.७.२२.१७९२ | भेडावारी प्राथमिक स्वास्थ्य केन्द्र, कास्कीमा एकिकृत स्वास्थ्य सेवा अन्तर्गत आयुर्वेद चिकित्सा सेवा सञ्चालनका लागि आयुर्वेद चिकित्सक [आठौं तह]-१, वैद्य [चौथो तह]-१ र अभ्यङ्गकर्ता [श्रेणीविहिन]-१ जनशक्ति व्यवस्थापन [निरन्तरता] | २२५२२ | | | | | | | | | | १४१३ | |
| १४ | २.७.२२.१७९३ | पुरण्डीही प्राथमिक स्वास्थ्य केन्द्र, तनहुँमा एकिकृत स्वास्थ्य सेवा अन्तर्गत आयुर्वेद चिकित्सा सेवा सञ्चालनका लागि आयुर्वेद चिकित्सक [आठौं तह]-१, वैद्य [चौथो तह]-१ र अभ्यङ्गकर्ता [श्रेणीविहिन]-१ जनशक्ति व्यवस्थापन [निरन्तरता] | २२५२२ | | १४१३ | | | | | | | | | |
| १५ | ७.१.१.१ | भर्ना भएका विरामीहरुका लागि खाद्यान्न | २७१११ | | | | | | | | | | ८० | ८० |
| १६ | ७.२.९.३४ | आयुर्वेद सम्वन्धी आधारभुत तथा अत्यावश्यक औषधी खरिद | २७२१३ | ५०० | ५०० | ६०० | ५०० | २०० | ३०० | ५०० | ५०० | ५०० | ६०० | ६०० |

## विषय सूची

१. प्रयोगशाला सञ्चालनको लागि आवश्यक पर्ने उपकरण, रिएजेन्ट र किट खरिद ......... 1

२. क्षारसूत्र व्यवस्थापन कार्यक्रम ........ 2

३. पंचकर्म/ पूर्वकर्म कार्यक्रम (सामग्री खरिद, संचालन एवं व्यवस्थापन)........ 3

४. आयुर्वेद सम्वन्धी आधारभूत तथा अत्यावश्यक औषधी खरिद ........ 4

५. भान्सा सुधार आरोग्यको आधार अभियान र स्वास्थ्य जीवनशैली कार्यक्रम सन्चालन.. 5

६. नागरिक आरोग्य सेवा केन्द्र तथा औषधालयहरुका कर्मचारीहरुलाई क्षमता अभिवृद्धि कार्यक्रम ........ 6

७. आयुर्वेद स्वास्थ्य संस्थाहरुमा MSS कार्यान्वयन कार्यक्रम ........ 7

८. औषधी एवं औषधीजन्य सामग्री ढुवानी ........ 8

९. पुरण्डीही प्राथमिक स्वास्थ्य केन्द्र, तनहुँमा एकिकृत स्वास्थ्य सेवा अन्तर्गत आयुर्वेद चिकित्सा सेवा सञ्चालनका लागि आयुर्वेद चिकित्सक [आठौं तह]-१, वैद्य [चौथो तह]-१ र अभ्यङ्गकर्ता [श्रेणीविहिन]-१ जनशक्ति व्यवस्थापन [निरन्तरता] ........ 9

१०. भेडावारी प्राथमिक स्वास्थ्य केन्द्र, कास्कीमा एकिकृत स्वास्थ्य सेवा अन्तर्गत आयुर्वेद चिकित्सा सेवा सञ्चालनका लागि आयुर्वेद चिकित्सक [आठौं तह]-१, वैद्य [चौथो तह]-१ र अभ्यङ्गकर्ता [श्रेणीविहिन]-१ जनशक्ति व्यवस्थापन [निरन्तरता] ........ 10

११. जडिबुटीबाट चूर्ण औषधि निर्माण (जडिबुटी खरिद) ........ 11

१२. औषधालयमा IPD [In-patient Department] सेवा सुचारु गर्नको लागि Consultant Ayurved Specialist [नवौं तह]-१, Ayurved Doctor [आठौं तह]-१, Kabiraj [पाचौं तह]-१, Staff Nurse [पाचौं तह]-४, Acupancture Assistant [पाचौं तह]-१, Avyanga Karta [श्रेणीविहिन]-२ जनशक्ति व्यवस्थापन ........ 12

१३. राष्ट्रिय आरोग्य दिवस तथा धन्वन्तरी जयन्ति, राष्ट्रिय योग दिवस, अन्तराष्ट्रिय योग दिवस लगायतको दिवसहरु मनाउने कार्यक्रम ........ 13

१४. स:शुल्क फार्मेसी संचालन (Seed Money)........ 14

१५. स्थानीय तहहरूको डाटा भेरिफिकेशन एवं गुणस्तर सुधार, तथ्यांक विश्लेषण, बार्षिक समिक्षा 15

१६. भर्ना भएका विरामीहरुका लागि खाद्यान्न........ 16

## १. प्रयोगशाला सञ्चालनको लागि आवश्यक पर्ने उपकरण, रिएजेन्ट र किट खरिद

| विषयवस्तु | विवरण |
|---|---|
| परिचय | प्रदेश मातहत संचालित जिल्लाका आयुर्वेद औषधालय/ स्वास्थ्य केन्द्रमा आउने बिरामीहरुको प्रयोगशाला परीक्षण सेवा मार्फत रोगको निदान साथै रोगको अवस्था पहिचान गरी आयुर्वेद स्वास्थ्य सेवालाई थप प्रभावकारी र गुणस्तरीय तवरले सञ्चालन गर्नको लागि प्रयोगशाला सेवाको विस्तार जरुरी भएकोले यो कार्यक्रम राखिएको हो। |
| उद्देश्य | आयुर्वेद स्वास्थ्य संस्थाहरुमा प्रयोगशाला सेवा सञ्चालनका लागि आवश्यक पर्ने सामग्रीहरुको उपलब्धता सुनिश्चित गर्नु । |
| अपेक्षित प्रतिफल | जिल्ला स्थित आयुर्वेद औषधालय/स्वास्थ्य केन्द्रहरुमा आउने बिरामीहरुको लागि प्रयोगशाला सेवा सञ्चालन गर्न आवश्यक पर्ने सामग्रीहरुको सहज उपलब्धता भई रोगको निदान एवं उपचार गर्न सहयोग पुग्नेछ । |
| कार्य सञ्चालन प्रक्रिया | • प्रयोगशालाका लागि आवश्यक उपकरण, रिएजेन्ट र किट जस्ता सामग्रीहरुको सूची, स्पेसिफिकेसन एवं परिमाण तयार गरी कार्यालय प्रमुखबाट स्वीकृत गर्ने।<br>• प्रचलित ऐन नियमानुसार सामग्रीहरुको खरिद गर्ने। |

## २. क्षारसूत्र व्यवस्थापन कार्यक्रम

| विषयवस्तु | विवरण |
|---|---|
| परिचय | आयुर्वेद चिकित्सामा प्रभावकारी मानिएका अर्श, भगन्दर लगायतका रोगहरुको उपचारका लागि क्षारसूत्र सेवा सञ्चालनार्थ सहायक स्तरको स्वास्थ्यकर्मी सेवा करारमा लिन तथा उक्त कार्यक्रम सञ्चालनका लागि आवश्यक सामग्री खरिदको लागि यो कार्यक्रम राखिएको हो। |
| उद्देश्य | ● क्षारसूत्र चिकित्सा सेवा प्रदान गर्नु । |
| अपेक्षित प्रतिफल | ● क्षारसूत्र चिकित्सा सेवा सुचारु भई अर्श, भगन्दर लगायतका रोगीहरुले स्वास्थ्य लाभ गरेका हुनेछन् । |
| कार्य सञ्चालन प्रक्रिया | ● क्षारसूत्र सेवा सञ्चालानार्थ सहयोग गर्न अनमी/ वैद्य (सहायक चौथो तह) सेवा करार नियुक्त गर्ने ।<br>● विगत वर्षमा नियुक्त भएका जनशक्तिलाई कार्य सम्पादन मुल्यांकनको आधारमा सेवा करारमा निरन्तरता दिने ।<br>● रिक्त भई नयाँ कर्मचारी नियुक्ति गर्नु परेमा गण्डकी प्रदेशको सेवा करारमा चिकित्सक र स्वास्थ्यकर्मी व्यवस्थापन कार्यविधि, २०७९ अनुसार गर्ने ।<br>● बजेटको परिधिभित्र रहि सेवा सञ्चालनको लागि आवश्यक औषधी, औजार ,उपकरण खरिद गर्न सकिनेछ ।<br>● जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र, तनहुँले क्षारसूत्र उत्पादन एवं व्यवस्थापन गर्न आवश्यक जनशक्ति (वैद्य), औजार, उपकरण एवं कच्चा पदार्थ प्रचलित कानून बमोजिम खरिद गर्न सक्नेछ ।<br>● नेपाल सरकार, प्रदेश सरकार एवं आयुर्वेद चिकित्सा परिषद्ले तोकेका मापदण्ड अनुसार क्षारसूत्र सेवा प्रवाह गर्ने । |

## ३. पंचकर्म/ पूर्वकर्म कार्यक्रम (सामग्री खरिद, संचालन एवं व्यवस्थापन)

| विषयवस्तु | विवरण |
|---|---|
| परिचय | आयुर्वेद चिकित्सामा प्रभावकारी मानिएको पंचकर्म सेवा सञ्चालन तथा विस्तारका लागि आवश्यक पन्चकर्म/पूर्वकर्मसँग सम्बन्धित सामग्री खरिद गरी सेवा संचालन तथा ब्यवस्थापन गर्न यो कार्यक्रम राखिएको हो । |
| उद्देश्य | पन्चकर्म/पूर्वकर्म सेवा सञ्चालन गर्नु । |
| अपेक्षित प्रतिफल | पन्चकर्म/पूर्वकर्म सेवा सञ्चालन भई सेवाग्राहीले स्वास्थ्य लाभ गरेका हुनेछन् । |
| कार्य सञ्चालन प्रक्रिया | • सेवा सञ्चालनका लागि आवश्यक सामग्रीहरुको सूची (जस्तै: आयुर्वेद औषधि, तेल, स्नेहन/स्वेदन सामग्री, औजार, उपकरण आदि), स्पेसिफिकेसन एवम् परिमाण यकिन गरी लागत अनुमान बनाई कार्यालय प्रमुखबाट स्वीकृत गर्ने ।<br>• प्रचलित ऐन नियमानुसार सामग्रीहरुको खरिद गर्ने ।<br>• तोकिएका मापदण्ड बमोजिम पंचकर्म / पूर्वकर्म सेवा सञ्चालन गर्ने र निरन्तर AHMIS मा तथ्यांक प्रविष्टि गर्ने ।<br>• कार्यक्रमको फोटो सहितको प्रतिवेदन तयार गर्ने । |

## ४. आयुर्वेद सम्वन्धी आधारभूत तथा अत्यावश्यक औषधी खरिद

| विषय वस्तु | विवरण |
|---|---|
| परिचय | प्रदेश मातहत संचालित जिल्ला स्थित आयुर्वेद स्वास्थ्य संस्थामा आउने सेवाग्राहीहरुलाई आवश्यक आधारभूत र अत्यावश्यक औषधि खरिद गरी निः शुल्क रुपमा वितरण गरेर आयुर्वेद स्वास्थ्य सेवालाई थप प्रभावकारी र गुणस्तरीय बनाउनका लागि यो कार्यक्रम राखिएको हो। |
| उद्देश्य | आयुर्वेद स्वास्थ्य संस्थाहरुमा आधारभूत तथा अत्यावश्यक औषधिको उपलब्धता सुनिश्चित गर्नु। |
| अपेक्षित प्रतिफल | आयुर्वेद स्वास्थ्य सस्थाहरुमा आउने सेवाग्राहीहरुलाई आवश्यक आधारभूत तथा अत्यावश्यक औषधिहरुको उपलब्धता भई सेवा प्रवाहमा सहजता हुनेछ। |
| कार्यसञ्चालन प्रक्रिया | • गत आ.व. को अल्या र स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्रबाट प्राप्त भएको नि:शुल्क औषधिको स्टक मौज्दात विवरण तयार पश्चात् AHMIS तथ्यांक संग विश्लेषण गरि आवश्यकता पहिचान गर्ने।<br>• आधारभूत आयुर्वेद औषधिको उपलब्धता सकेसम्म निरन्तर रहने गरि व्यवस्थापन गर्न बजेटको उपलब्धता र औषधिको आवश्यकता विश्लेषणको आधारमा आधारभूत तथा आवश्यक औषधिहरुको सूची, स्पेसिफिकेसन तथा परिमाण यकिन गरि लागत अनुमान तयार गरेर कार्यालय प्रमुखबाट स्वीकृत गर्ने।<br>• औषधि खरिद गर्दा GMP certified औषधि मात्र खरिद गर्नुपर्ने र खरिद गरी गुणस्तर सुनिश्चित भएपछि मात्र भुक्तानी गर्ने ।<br>• प्रचलित ऐन नियमानुसार आवश्यक औषधिहरु खरिद गर्ने। |

## ५. भान्सा सुधार आरोग्यको आधार अभियान र स्वास्थ्य जीवनशैली कार्यक्रम सन्चालन

| विषय वस्तु | विवरण |
|---|---|
| परिचय | आयुर्वेद चिकित्सामा स्वस्थ जीवन प्राप्तिको लागी स्वस्थकर आहार (खानपान), स्वस्थकर विहार (व्यवहार र आचरण) र असल विचार (सात्विक मन) लाई प्रमुख मानिएको छ। यसका लागि प्रकृति, रस र ऋतु अनुसारका खानपान, अष्टविध आहार विशेषायतन, आहार परिणामकर भावहरु, विरुद्ध आहारहरु, दिनचर्या, सदवृत र स्वस्थवृतका पालन, योगाभ्यास/ व्यायाम जस्ता महत्वपूर्ण कुराहरु आयुर्वेदमा वर्णित छन्। खानपिनकै कारणले नसर्ने रोग लगायत अन्य कुपोषणजन्य रोग लाग्न नदिन प्रशोधित तथा पत्रु खानाको उपभोगलाई निरुत्साहित गर्नका लागि समुदायस्तरमा जनचेतना अभिवृद्धि गरी आफ्नो घर वरपरका करेसाबारीमा उत्पादित रैथाने तथा स्वस्थकर खानपान गर्ने बानीको विकास तथा शारीरिक व्यायाम एवं योगाभ्यासलाई नियमित गरी समुदायको स्वास्थ्य प्रवर्धन गर्न यो कार्यक्रम राखिएको हो। |
| उद्देश्य | नागरिकहरुमा स्वस्थकर आहार, विहार, आचार र विचारको प्रवर्धन गरी स्वस्थ जीवनयापन गराउनु। |
| अपेक्षित प्रतिफल | भान्सा सुधार कार्यक्रम लागू भई असल खानपान संस्कृति र बानी व्यहोराको विकास भई स्वस्थ मानव पूँजीको निर्माण भएको हुनेछ। |
| कार्यक्रम सञ्चालन प्रक्रिया | • अभियान सञ्चालन सन्दर्भ पुस्तिका, शिक्षण सामाग्री, पोष्टर तथा ब्रोसर आदि सूचनामूलक सामग्री तयार गर्ने। यसका लागि अधिकतम रु १ लाख सम्म खर्च गर्न सकिनेछ।<br>• नागरिक आरोग्य कार्यक्रम सञ्चालन मापदण्ड, २०७६ बमोजिम गठित स्थानीय समिति र वडा समूह, नागरिक समाजका प्रवुद्ध वर्ग, शिक्षक, विद्यार्थी, योग अभियन्ता, सामाजिक परिचालक, महिला स्वास्थ्य स्वयंसेविका, स्वास्थ्य आमा समूह र सरकारी एवं गैरसरकारी क्षेत्रमा कार्यरत कर्मचारीहरु, कृषक, होटेल व्यवसायी र गृहिणीहरूलाई आयुर्वेदमा आधारित आहार-विहार र आचार एवं भान्सा सुधारबारे १ दिने अभिमुखिकरण कार्यक्रम सञ्चालन गर्ने।<br>• सहभागीहरुलाई योग र ध्यानको प्रयोगात्मक अभ्यास गराई षडरस युक्त एवं सात्विक भोजनको सेवन गराउने।<br>• एक समूहमा ३० देखि ४० जनासम्म सहभागी गराउन सकिनेछ। सहभागीहरुलाई प्रचलित भाडादर बमोजिमको यातायात खर्च प्रदान गर्न सकिनेछ।<br>• आवश्यकता अनुसार स्थानीय तह तथा स्वास्थ्य क्षेत्रमा कार्यरत विकास साझेदारहरुसंग समन्वय तथा सहकार्य गर्न सकिनेछ।<br>• प्रति कार्यक्रम अधिकतम रु ८०,००० सम्म खर्च गर्न सकिनेछ। |

## ६. नागरिक आरोग्य सेवा केन्द्र तथा औषधालयहरुका कर्मचारीहरुलाई क्षमता अभिवृद्धि कार्यक्रम

| विषय वस्तु | विवरण |
|---|---|
| परिचय | जिल्लामा आयुर्वेद औषधालय/ स्वास्थ्य केन्द्रहरुका अलावा स्थानीय निकाय अन्तर्गत संचालित औषधालयहरु एवं संघीय कार्यक्रम अन्तर्गत संचालित नागरिक आरोग्य केन्द्रहरुमा कार्यरत आयुर्वेद स्वास्थ्यकर्मीको क्षमता अभिबृद्धि गर्न यो कार्यक्रम  राखिएको हो। |
| उद्देश्य | नागरिक आरोग्य सेवा केन्द्र तथा औषधालयहरुमा कार्यरत कर्मचारीहरुलाई क्षमता अभिवृद्धि गर्नु। |
| अपेक्षित प्रतिफल | नागरिक आरोग्य सेवा केन्द्र तथा औषधालयमा कार्यरत कर्मचारीहरुको क्षमता अभिवृद्धि भई सेवाग्राहीहरुले गुणस्तरीय सेवा प्राप्त गर्नेछन्। |
| कार्यसञ्चालन प्रक्रिया | • यस कार्यक्रमबाट तालिमका सहभागीहरु र प्रशिक्षकको भत्ता, व्यवस्थापन खर्च एवं आवश्यक औजार, उपकरण र सामग्रीको लागि खर्च गर्न सकिनेछ।<br>• बजेटको परिधि भित्र रहेर तालिमको सहभागी संख्या र समयावधी निर्क्यौल गर्ने।<br>• सहभागीहरुलाई देहायका विषयहरु समेटि प्रशिक्षण दिने<br>✓ स्वस्थ जीवनशैली<br>✓ अम्लपित्त, ज्वर, गुदा विकार, सन्धिगत बात, वातरक्त ,आमवात, मधुमेह, उच्च रक्तचाप, मोटोपना आदि रोगको निदान र व्यवस्थापन<br>✓ चिकित्सीय योग<br>✓ पूर्वकर्म र सहायक कर्म<br>✓ AHMIS/ EMR<br>✓ स्थानीय जडिबुटिहरुको प्रयोग<br>✓ Infection Prevention and Control<br>✓ First Aid<br>✓ मर्म चिकित्सा लगायत अन्य सान्दर्भिक विषयबस्तु<br>• प्रशिक्षकको रुपमा सम्बन्धित विज्ञ वा आयुर्वेद चिकित्सक / BAMS उत्तिर्ण जनशक्ति प्रयोग गर्न सकिनेछ।<br>• चिकित्सीय योग, पूर्वकर्म, उपक्रम र मर्म चिकित्सा आदिको प्रयोगात्मक अभ्यास गराउनुपर्नेछ।<br>• रक्तचाप मापन, ब्लड ग्लुकोज मापन र मोटोपनाको निदानको लागि BMI calculation, कम्मरको गोलाई मापनको अभ्यास गराउनुपर्नेछ। |

## ७. आयुर्वेद स्वास्थ्य संस्थाहरुमा MSS कार्यान्वयन कार्यक्रम

| विषय वस्तु | विवरण |
|---|---|
| परिचय | गण्डकी प्रदेश सरकार मातहतका आयुर्वेद औषधालय/ स्वास्थ्य केन्द्रहरुको न्यूनतम सेवा मापदण्डको मूल्याङ्कन, अनुगमन, समीक्षा तथा फलोअप गर्नका लागि यो कार्यक्रम राखिएको हो। |
| उद्देश्य | आयुर्वेद औषधालय/ स्वास्थ्य केन्द्रहरुको न्यूनतम सेवा मापदण्डको मूल्यांकन गरी आवश्यकता अनुसार सुदृढीकरण गर्नु। |
| अपेक्षित प्रतिफल | • आयुर्वेद औषधालय/ स्वास्थ्य केन्द्रहरुको न्यूनतम सेवा मापदण्डको समीक्षा र अनुगमनबाट स्वास्थ्य संस्थाहरुको हालको अवस्था र समस्याको पहिचान भई निरन्तर सेवा सुदृढीकरण हुनेछ ।<br>• आयुर्वेद स्वास्थ्य सेवाको गुणस्तर वृद्धि हुनेछ। |
| कार्य सञ्चालन प्रक्रिया | • आयुर्वेद औषधालय/ स्वास्थ्य केन्द्रहरुको न्यूनतम सेवा मापदण्डको वर्षमा २ पटक कार्यालयले २ जना आयुर्वेद चिकित्सक/BAMS उत्तिर्ण स्वास्थ्यकर्मी (कम्तीमा १ जना बाह्य जिल्लामा कार्यरत) सहितको सलंग्नतामा स्व:मुल्याङ्कन गर्नुपर्नेछ। सो का लागि अधिकतम रु २५ हजार खर्च गर्न सकिनेछ।<br>• न्यूनतम सेवा मापदण्डको प्रथम लेखाजोखाबाट देखिएको Gap analysis गरी कार्ययोजना बनाएर न्यूनतम सेवा मापदण्डमा उल्लेखित आवश्यक औजार उपकरण तथा अन्य सामग्री खरिद, मर्मत सम्भार लगायतमा बजेट खर्च गर्नुपर्नेछ।<br>• वर्षमा १ पटक (स्व मूल्याङ्कन पश्चात) MSS लेखाजोखा र कार्ययोजना कार्यान्वयन अवस्थाको मूल्यांकन सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालयको प्रतिनिधि १ जना, स्वास्थ्य निर्देशनालयबाट १ जना, १ जना आयुर्वेद चिकित्सक र एक जना MSS विज्ञको सहभागितामा गर्नुपर्दछ। सो का लागि अधिकतम रु ३० हजार खर्च गर्न सकिनेछ।<br>• यो कार्यक्रमबाट जनशक्ति व्यवस्थापनमा खर्च गर्न सकिनेछैन। |

## ८. औषधी एवं औषधीजन्य सामग्री ढुवानी

| विषय वस्तु | विवरण |
|---|---|
| परिचय | आयुर्वेद स्वास्थ्य संस्थाहरुका लागि निःशुल्क वितरण गर्न आवश्यक औषधि र सामग्रीहरु नागरिक आरोग्य सेवा केन्द्रहरुमा आपूर्ति व्यवस्था मिलाउनका साथै जिल्लाका विभिन्न स्थानमा गएर आयुर्वेद सेवा तथा स्वास्थ्य प्रवर्धनात्मक कार्यक्रमहरु संचालन गर्न सहजताको लागि यो कार्यक्रम राखिएको हो। |
| उद्देश्य | औषधि र अन्य सामाग्रीहरुको सहज आपूर्ति गर्नु |
| अपेक्षित प्रतिफल | नागरिक आरोग्य सेवा केन्द्रहरु तथा एकीकृत सेवा सञ्चालित प्राथमिक स्वास्थ्य केन्द्रमा औषधि र अन्य सामग्रीहरु निरन्तर आपूर्ति भएको हुनेछ।<br>जिल्लाभित्र विभिन्न स्थानहरुमा गएर आयुर्वेद सेवा सम्बन्धि जनचेतनामूलक तथा स्वास्थ्य प्रवर्धनात्मक कार्यक्रमहरु संचालनमा सहजता हुनेछ। |
| कार्य सञ्चालन प्रक्रिया | • औषधि तथा अन्य सामग्रीहरु कार्ययोजना बनाएर ढुवानी गर्ने।<br>• जिल्लाभित्र विभिन्न स्थानहरुमा गएर आयुर्वेद सेवा सम्बन्धि जनचेतनामूलक तथा स्वास्थ्य प्रवर्धनात्मक कार्यक्रमहरु संचालन गर्दा यातायात एवं ढुवानी खर्च भुक्तानी गर्ने।<br>• गण्डकी आयुर्वेद औषधालय र धौलागिरी आयुर्वेद औषधालयबाट उत्पादित औषधिको ढुवानी खर्च व्यवस्थापन गर्ने। |

## ९. पुरण्डीही प्राथमिक स्वास्थ्य केन्द्र, तनहुँमा एकिकृत स्वास्थ्य सेवा अन्तर्गत आयुर्वेद चिकित्सा सेवा सञ्चालनका लागि आयुर्वेद चिकित्सक [आठौं तह]-१, वैद्य [चौथो तह]-१ र अभ्यङ्गकर्ता [श्रेणीविहिन]-१ जनशक्ति व्यवस्थापन [निरन्तरता]

| विषय वस्तु | विवरण |
|---|---|
| परिचय | प्रत्येक नागरिकले राज्यबाट आधारभूत स्वास्थ्य सेवा नि:शुल्क रुपमा प्राप्त गर्ने संवैधानिक अधिकार भएकोले सेवाग्राहीको छनौटको आधारमा आयुर्वेद वा आधुनिक चिकित्सा पद्धति एकै छानामुनिबाट एकीकृत सेवा प्रदान गर्न यो कार्यक्रम नमुनाको रुपमा संचालन गर्न राखिएको छ। |
| उद्देश्य | पुरण्डीही प्राथमिक स्वास्थ्य केन्द्रमा एकीकृत चिकित्सा सेवा प्रदान गर्नु |
| अपेक्षित प्रतिफल | • सेवाग्राहीहरुलाई सेवा छनौटको अवसर सहित प्राथमिक स्वास्थ्य केन्द्रमा एकिकृत चिकित्सा सेवा सञ्चालन भएको हुनेछ। |
| कार्य सञ्चालन प्रक्रिया | • यो कार्यक्रम तनहुँ जिल्ला, भानु नगरपालिका वडा नम्बर -५ मा अवस्थित पुरण्डीही प्राथमिक स्वास्थ्य केन्द्रमा संचालन हुनेछ।<br>• एकीकृत रुपमा आयुर्वेद चिकित्सा सेवा प्रदान गर्न १/१ जना आयुर्वेद चिकित्सक, वैद्य र अभ्यगंकर्ता सेवा करारमा नियुक्ति गर्ने।<br>• विगतका वर्षमा नियुक्त भई कार्यरत जनशक्तिलाई कार्यसम्पादन मुल्यांकनको आधारमा सेवा करारमा निरन्तरता दिने।<br>• नयाँ कर्मचारी नियुक्ति गर्नु परेमा गण्डकी प्रदेशको **सेवा करारमा चिकित्सक र तथा स्वास्थ्यकर्मी व्यवस्थापन कार्यविधि २०७९** अनुसार गर्ने।<br>• बजेटको परिधिभित्र रही आवश्यकतानुसार औषधि तथा सामान खरिद गर्न सकिनेछ। |

## १०. भेडावारी प्राथमिक स्वास्थ्य केन्द्र, कास्कीमा एकिकृत स्वास्थ्य सेवा अन्तर्गत आयुर्वेद चिकित्सा सेवा सञ्चालनका लागि आयुर्वेद चिकित्सक [आठौं तह]-१, वैद्य [चौथो तह]-१ र अभ्यङ्गकर्ता [श्रेणीविहिन]-१ जनशक्ति व्यवस्थापन [निरन्तरता]

| विषय वस्तु | विवरण |
|---|---|
| परिचय | प्रत्येक नागरिकले राज्यबाट आधारभूत स्वास्थ्य सेवा नि:शुल्क रुपमा प्राप्त गर्ने संवैधानिक अधिकार भएकोले सेवाग्राहीको छनौटको आधारमा आयुर्वेद वा आधुनिक चिकित्सा पद्धति एकै छानामुनिबाट एकीकृत सेवा प्रदान गर्न यो कार्यक्रम नमुनाको रुपमा संचालन गर्न राखिएको छ। |
| उद्देश्य | भेडाबारी प्राथमिक स्वास्थ्य केन्द्रमा एकीकृत चिकित्सा सेवा प्रदान गर्नु |
| अपेक्षित प्रतिफल | सेवाग्राहीहरुलाई सेवा छनौटको अवसर सहित प्राथमिक स्वास्थ्य केन्द्रमा एकिकृत चिकित्सा सेवा सञ्चालन भएको हुनेछ। |
| कार्य सञ्चालन प्रक्रिया | ● यो कार्यक्रम कास्की जिल्ला,माछापुच्छ्रे गाउँपालिकामा अवस्थित भेडावारी प्राथमिक स्वास्थ्य केन्द्रमा संचालन हुनेछ।<br>● एकीकृत रुपमा आयुर्वेद चिकित्सा सेवा प्रदान गर्न १/१ जना आयुर्वेद चिकित्सक, वैद्य र अभ्यगंकर्ता सेवा करारमा नियुक्ति गर्ने।<br>● विगतका वर्षमा नियक्त भई कार्यरत जनशक्तिलाई कार्यसम्पादन मुल्यांकनको आधारमा सेवा करारमा निरन्तरता दिने।<br>● नयाँ कर्मचारी नियुक्ति गर्नु परेमा गण्डकी प्रदेशको **सेवा करारमा चिकित्सक र तथा स्वास्थ्यकर्मी व्यवस्थापन कार्यविधि २०७९** अनुसार गर्ने।<br>● बजेटको परिधिभित्र रही आवश्यकतानुसार औषधि तथा सामान खरिद गर्न सकिनेछ। |

## ११. जडिबुटीबाट चूर्ण औषधि निर्माण (जडिबुटी खरिद)

| विषय वस्तु | विवरण |
|---|---|
| परिचय | स्थानीय स्तरमा उपलब्ध जडिबुटिहरुको प्रयोग गरी गुणस्तरीय आयुर्वेद औषधी निर्माण गरेर बिरामीहरुलाई नि:शुल्क उपलब्ध गराउन यो कार्यक्रम राखिएको हो। |
| उद्देश्य | बिरामीहरुलाई गुणस्तरीय आयुर्वेद औषधी उपलब्ध गराउनु। |
| अपेक्षित प्रतिफल | बिरामीहरुले नियमित रुपमा गुणस्तरीय आयुर्वेद औषधी प्राप्त गरी स्वास्थ्य लाभ गर्नेछन्। |
| कार्य सञ्चालन प्रक्रिया | • यो कार्यक्रम धौलागिरी आयुर्वेद औषधालय, बाग्लुङ र गण्डकी आयुर्वेद औषधालय, कास्कीमा सञ्चालन हुनेछ।<br>• औषधी उत्पादन गर्दा बढी प्रयोगमा आउने कुनै ३ देखि ५ प्रकारका औषधीहरु (अविपत्तिकर, हिंवाष्टक, आमलकी, गुडुची, सितोपलादि, त्रिफला, अश्वगन्धा, दशमूल, जामुनवीज, अजमोदादि चूर्ण आदि मध्ये) छनौट गरी गुणस्तरीय जडिबुटिहरुको प्रयोग गरेर स्थापित मापदण्डहरुको पालना गरी गर्नुपर्नेछ ।<br>• उत्पादित औषधीहरुको प्याकिङ एवं उत्पादनको लागि आवश्यक सामग्री व्यवस्थापनको लागि बढिमा रु एक लाख सम्म खर्च गर्न सकिनेछ।<br>• उत्पादित औषधीहरु अन्य आयुर्वेद स्वास्थ्य केन्द्रहरुमा आवश्यकता र मागका आधारमा उपलब्ध गराउन सकिनेछ।<br>• जडिबुटिहरु खरिद गर्दा प्रचलित कानून बमोजिम गर्नुपर्नेछ। |

**१२. औषधालयमा IPD [In-patient Department] सेवा सुचारु गर्नको लागि Consultant Ayurved Specialist [नवौं तह]-१, Ayurved Doctor [आठौं तह]-१, Kabiraj [पाचौं तह]-१, Staff Nurse [पाचौं तह]-४, Acupancture Assistant [पाचौं तह]-१, Avyanga Karta [श्रेणीविहिन]-२ जनशक्ति व्यवस्थापन**

| विषय वस्तु | विवरण |
|---|---|
| परिचय | स्वास्थ्य संस्थामा लामो समयसम्म बसी उपचार सेवा लिनुपर्ने बिरामीहरुलाई सहज रुपमा आयुर्वेद स्वास्थ्य सेवा उपलब्ध गराउनको लागि गण्डकी आयुर्वेद औषधालय, कास्की र धौलागिरी आयुर्वेद औषधालय, बाग्लुङमा २५ शैय्यायुक्त अन्तरंग सेवा सञ्चालन गर्न यो कार्यक्रम राखिएको हो। |
| उद्देश्य | गण्डकी आयुर्वेद औषधालय, कास्की र धौलागिरी आयुर्वेद औषधालय, बाग्लुङमा अन्तरंग सेवा सञ्चालन गर्नु। |
| अपेक्षित प्रतिफल | बिरामीहरुले गण्डकी आयुर्वेद औषधालय, कास्की र धौलागिरी आयुर्वेद औषधालय, बाग्लुङमा अन्तरंग सेवा प्राप्त गरी स्वास्थ्य लाभ गर्नेछन्। |
| कार्य सञ्चालन प्रक्रिया | यस कार्यक्रमबाट स्वीकृत भए बमोजिम जनशक्ति सेवा करारमा नियुक्त गर्नुपर्नेछ।<br>● अघिल्लो आ.व.मा आयुर्वेद सेवा विस्तार कार्यक्रममा सेवा करारमा नियुक्ति भएका कर्मचारीहरुलाई कार्य सम्पादनको आधारमा निरन्तरता दिने।<br>● नयाँ नियुक्ति गर्नु परेमा गण्डकी प्रदेशको **सेवा करारमा चिकित्सक र स्वास्थ्यकर्मी व्यवस्थापन कार्यविधि, २०७९** अनुसार गर्ने।<br>● सेवा करारमा जनशक्ति छनौटमा लाग्ने खर्च (सूचना प्रकाशन, छनौट प्रक्रिया, अन्तर्वार्ता आदि ) यसै शीर्षकबाट खर्च गर्न सकिनेछ। |

## १३. राष्ट्रिय आरोग्य दिवस तथा धन्वन्तरी जयन्ति, राष्ट्रिय योग दिवस, अन्तराष्ट्रिय योग दिवस लगायतको दिवसहरु मनाउने कार्यक्रम

| विषय वस्तु | विवरण |
|---|---|
| परिचय | आयुर्वेद एवं बैकल्पिक चिकित्सा जगतमा धन्वन्ती र राष्ट्रिय एवं अन्तराष्ट्रिय योग दिवस मनाउने प्रचलन रहेको छ ।सरोकारवालाहरुको सहभागितामा विभिन्न दिवसहरु मनाएर आयुर्वेद एवं योगबारे जनचेतना फैलाउने उद्देश्यले यो कार्यक्रम राखिएको हो । |
| उद्देश्य | राष्ट्रिय आरोग्य दिवस तथा धन्वन्तरी जयन्ती, राष्ट्रिय योग र अन्तराष्ट्रिय योग दिवस मनाई जनचेतना फैलाउनु |
| अपेक्षित प्रतिफल | आयुर्वेद एवं योगबारे समुदायमा सचेतना बृद्धि भएको हुनेछ । |
| कार्य सञ्चालन प्रक्रिया | • धन्वन्तरी र राष्ट्रिय एवं अन्तराष्ट्रिय योग दिवस मनाउन आवश्यक व्यवस्थापकीय खर्च यस कार्यक्रमबाट गर्नुपर्नेछ ।<br>• दिवसको अवसरमा उत्कृष्ट कार्य सम्पादन गर्ने कर्मचारी एवं कार्यालयलाई सम्मान तथा पुरष्कृत गर्न सकिनेछ ।<br>• दिवसको अवसरमा योगाभ्यास, गोष्ठी, ऱ्याली, पत्रकार अन्तरक्रिया, स्वास्थ्य संस्था तथा आश्रमहरुमा फलफूल वितरण, स्वास्थ्य परिक्षण आदिजस्ता क्रियाकलापहरु गर्न सकिनेछ । |

## १४. स:शुल्क फार्मेसी संचालन (Seed Money)

| विषय वस्तु | विवरण |
|---|---|
| परिचय | धौलागिरी आयुर्वेद औषधालय, बाग्लुङ, गण्डकी आयुर्वेद औषधालय, कास्की र जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र ,तनहुँमा नि:शुल्क वितरण गरिने औषधीहरुको अलावा बिरामीहरुको उपचारको लागि आवश्यक अन्य औषधीहरु सुपथ मूल्यमा उपलब्ध गराउन यो कार्यक्रम राखिएको हो। |
| उद्देश्य | धौलागिरी आयुर्वेद औषधालय. बाग्लुङ, गण्डकी आयुर्वेद औषधालय, कास्की र जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र, तनहुँमा स:शुल्क फार्मेसी स्थापना गर्नु |
| अपेक्षित प्रतिफल | स:शुल्क फार्मेसी स्थापना भई बिरामीहरुले सुपथ मूल्यमा गुणस्तरीय औषधी पाउने छन्। |
| कार्य सञ्चालन प्रक्रिया | • अस्पताल फार्मेसी सेवा निर्देशिका बमोजिम गर्ने ।<br>• फार्मेसी बाट हुने आम्दानीको स्रोत परिचालन गरी व्यवस्थापन समिति मार्फत एकजना कम्प्युटर तालिम प्राप्त आयुर्वेद फार्मेसिस्ट/ कविराजको व्यवस्थापन गर्न सकिनेछ । |

## १५. स्थानीय तहहरूको डाटा भेरिफिकेशन एवं गुणस्तर सुधार, तथ्यांक विश्लेषण, बार्षिक समिक्षा

| विषय वस्तु | विवरण |
|---|---|
| परिचय | स्थानीय तह स्थित आयुर्वेद औषधालयबाट प्रदान गरिएको सेवाको अभिलेख र रिपोर्ट चुस्त दुरुस्त राख्न, अनुशिक्षण गर्न र  जिल्ला स्थित सम्पूर्ण आयर्वेद स्वास्थ्य संस्थाहरुको वार्षिक समिक्षा गर्ने अभिप्रायले यो कार्यक्रम राखिएको हो। |
| उद्देश्य | आयुर्वेद सेवासम्बन्धी तथ्याङ्कहरुको अभिलेख तथा प्रतिवेदनमा पूर्णता, एकरुपता, आधिकारिकता, निरन्तरता र विश्वसनियता कायम गरी कार्यक्रमहरुको समिक्षा गर्नु। |
| अपेक्षित प्रतिफल | गुणस्तरीय तथ्याङ्क प्रणालीमा सुधार भई आयुर्वेद स्वास्थ्य सूचना प्रणाली चुस्तदुरुस्त भएको हुनेछ र कार्यक्रमहरुको प्रभावकारी कार्यान्यनमा सहयोग पुग्नेछ। |
| कार्य सञ्चालन प्रक्रिया | • बजेटको सिमाभित्र रहि अनुशिक्षण कार्ययोजना र बार्षिक समिक्षाको समय तय गर्ने।<br>• यस कार्यक्रमबाट स्थलगत अनुशिक्षणको लागि भ्रमण भत्ता र समिक्षा कार्यक्रममा सहभागीहरुको भ्रमण भत्ता लगायत अन्य व्यवस्थापकीय कार्यको खर्च गर्न सकिनेछ।<br>• स्थलगत अनुशिक्षणको लागि रेकर्डिङ र रिपोर्टिङमा कमजोर देखिएको स्वास्थ्य संस्थाहरुलाई प्राथमिकता दिनुपर्नेछ।<br>• स्थानीय तहका आयुर्वेद औषधालय र नागरिक आरोग्य केन्द्रका प्रमुखहरुको सहभागितामा १ पटक बार्षिक समिक्षा कार्यक्रम गरी सबै संस्थाहरुको आगामी बर्षको योजना समेत बनाउने। |

## १६. भर्ना भएका विरामीहरुका लागि खाद्यान्न

| विषय वस्तु | विवरण |
|---|---|
| परिचय | अन्तरंग सेवा लिन भर्ना भएका बिरामीहरुका लागि स्वस्थकर खाना उपलब्ध भएमा बिरामीको स्वास्थ्य अवस्थामा द्रुत सुधार हुने भएकोले नि:शुल्क रूपमा खाद्यान्न उपलब्ध गराउनका लागि यो कार्यक्रम राखिएको हो। |
| उद्देश्य | भर्ना भएका बिरामीका लागि स्वस्थ खाना नि:शुल्क रूपमा उपलब्ध गराउनु । |
| अपेक्षित प्रतिफल | भर्ना भएका बिरामीका लागि स्वस्थकर खाना नि:शुल्क रूपमा उपलब्ध भई आर्थिक भार कम हुने र बिरामीको बसाई सहज हुनेछ। |
| कार्य सञ्चालन प्रक्रिया | • धौलागिरी आयुर्वेद औषधालय, बाग्लुङ र गण्डकी आयुर्वेद औषधालय, कास्कीमा यो कार्यक्रम लागू हुनेछ।<br>• औषधालयले आफैले क्यान्टिन सञ्चालन गरी वा पायक पर्ने क्यान्टिनसंग प्रचलित कानून बमोजिम सम्झौता गरी अन्तरंग सेवाका लागि भर्ना भएका बिरामीहरुलाई शाकाहारी भोजन उपलब्ध गराउंनु पर्दछ।<br>• चिकित्सकले आयुर्वेदको सिद्धान्तमा आधारित भई आहार एवं परिकार र आहार तालिका निर्माण गर्न सक्नेछन्।<br>• एक जना बिरामीको लागि प्रतिदिन बढीमा रु ३०० सम्मको भोजन उपलब्ध गराउन सकिनेछ।<br>• प्रति दिन भर्ना भएका बिरामीको संख्या र सो अनुसारको खानाको कुल छाकको संख्या On Duty Doctor/ Indoor Incharge ले सिफारिस गरी कार्यालय प्रमुखले रुजु गरेर प्रमाणित गर्नुपर्दछ। |